श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७८/०७९ सालको निर्णय नं. ३०३

पुनरावेदन नं. ९७–०७४-RB-०२१७

पुनरावेदन दर्ता मिति:-२०७५।०६।०२

मुद्दाः– <u>मूल्य अभिवृद्धि कर (२०६२ आषाढदेखि ०६४ आषाढसम्म) ।</u>

जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ (हाल ललितपुर महानगरपालिका) स्थित एलिडा नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०१२११७८) को तर्फबाट ऐ.का अधिकार प्राप्त सञ्चालक प्रेम सिंह ठकुरी..१ } पुनरावेदक

<u>विरुद्ध</u>

राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर..१ } प्रत्यर्थी

<u>शुरू निर्णय गर्ने कार्यालय र अधिकारी</u>

शुरू निर्णय गर्ने कार्यालयः- राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर

शुरू निर्णय गर्ने अधिकारीः- निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदी

शुरू कार्यालयको निर्णय मितिः–२०६५।०१।०३

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री महेश्वर शर्मा पौडेल

निर्णय मितिः- २०६५।०३।२९

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री चण्डेश्वर श्रेष्ठ र श्री तुलसी भट्ट तथा विद्धान अधिबक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उप-न्या. याधिवक्ता श्री दिपक भण्डारी

अवलम्वित नजीरः ने.का.प.२०७४, अंक ८, नि.नं. ९८६६
ने.का.प.२०७३, अंक ३, नि.नं. ९५५८
ने.का.प.२०६९, अंक ४, नि.नं. ८८१८
ने.का.प.२०६६, अंक ३, नि.नं. ८१००

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०६५।०३।२९ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको अधिकार क्षेत्र भित्र पर्ने देखिदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. राजस्व अनुसन्धान विभागमा प्राप्त सुराकीको सुराकका आधारमा आन्तरिक राजस्व कार्यालय ललितपुरको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेको ललितपुर उपमहानगरपालिका ३ स्थित स्थायी लेखा नं. ३०१२११७८ का करदाता एलिडा नेपाल प्रा. लि. ले मूल्य अभिबृद्धि कर आयकर तथा भन्सार छली गरी कारोवार गरेको सम्बन्धमा अनुसन्धान तथा छानविन गरी मिति २०६४।११।२२ मा राजस्व अनुसन्धान विभागका महानिर्देशक समक्ष पेश गरेको प्रतिवेदन।

२. ललितपुर उपमहानगरपालिका वडा नं. ३, (हाल ललितपुर महानगरपालिका) पुल्चोक स्थित मुख्य कार्यालय रही मकवानपुर हेटौंडामा शाखा खोली कारोबार संचालन गर्दै आएको युनिलिभर ग्रुपबाट उत्पादित विभिन्न मालसामानहरु पैठारी गरी नेपालमा विक्रि वितरण गर्ने करदाता एलिडा नेपाल प्रा.लि.ले राजस्व चुहावट गरेको आशंकामा यस विभागबाट अनुसन्धान भई पेश हुन आएको प्रतिवेदन अनुसार भन्सार विन्दुमा घोषणा गरेको मूल्य भन्दा न्यून मूल्यमा सामान विक्रि गरी वास्तविक विक्रि नदेखाई मूल्य

अभिवृद्धि कर छलेको कसूर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) को खण्ड (घ) र (ङ) एवं मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९ (१) बमोजिम मूल्य अभिबृद्धि कर तर्फ, थप दस्तुर, जरिवाना र ब्याज गरी रू. ४,१६,७७,४३१- को प्रारम्भिक कर निर्धारण गर्ने गरी राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट मिति २०६४।११।२६ मा जारी भएको आदेश।

३. राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट मिति २०६४।११।२६ मा जारी भएको सूचना करदाताले मिति २०६४।११।२७ मा बुझिलिई आ. व. २०६०, २०६३ र २०६४ मा आयात गरी ल्याएको सामानको भंसारको मात्र प्रयोजनका लागी मूल्यांकन गरिएको मूल्य भन्दा न्यून मूल्यमा सामान बिक्री गरि वास्तविक विक्रि नदेखाएको भन्दै त्यस विभागबाट एकमुष्ट कर, जरिवाना, थप दस्तुर र व्याज समेत गरि रू ४.१६.७७,४३१।- निर्धारण गरी प्रारम्भिक कर निर्धारण गर्ने आदेश न्यायपूर्ण नभएको हुँदा उक्त आदेश बदर गरिपाँउ भन्ने समेत वेहोराको करदाताको तर्फबाट मिति २०६४।१२।११ मा पेश गरेको लिखित जवाफ ।

४. यस राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरमा पेश गरेको विवरण बमोजिम घटी देखिएको विक्रि मूल्यमा यस विभागबाट करदाता एलिडा प्रा.लि. लाई प्रारम्भिक कर निर्धारण आदेशानुसारको रु. ४,१६,७६,५३१।- मा मिति २०६४।१२।२५ भन्दा पछिको लागि नियमानुसार लाग्ने थप दस्तुर र व्याज समेत गणना गरी मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) को खण्ड (घ) र (ङ) एवं मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम (३) बमोजिम मूल्य अभिबृद्धि करतर्फ अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट मिति २०६५।०१।०३ मा भएको निर्णय पर्चा ।

५. एलिडा नेपाल प्रा. लि. ले आ. व. २०६१/०६२ देखि आ. व. २०६३/०६४ सम्ममा गरेको कारोवारमा कर र जरिवाना समेत गरी ४,२०,६१,५३१।- तिर्नुपर्ने देखिएकोले १५ दिनभित्र दाखिला गर्नुहोला भनी करदाताको नाममा राजस्व अनुसन्धान विभाग, हरिहरभवन,ललितपुरबाट मिति २०६५।०१।०३ मा जारी भएको सूचना ।

६. करदाताले मिति २०६५।०१।०३ को सूचना मिति २०६५।०१।२२ मा बुझिलिएको ।

७. राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट मिति २०६५।०१।०३ मा भएको आ.व. २०६२ आषाढदेखि ०६४ आषाढसम्मको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश मिति २०६५।०१।२२ मा प्राप्त गरी उक्त आदेशमा चित्त नबुझी राजस्व अनुसन्धान विभागको क्षेत्राधिकार राजस्व चुहावट सम्बन्धि कसूरको अनुसन्धान र

तहकिकात गर्ने सम्म हो। कर निर्धारण गर्दा अदालत सरहको अधिकार प्रयोग हुने भएकोले राजस्व अनुसन्धान विभागलाई यस्तो अधिकार दिने मूल्य अभिबृद्धि कर ऐनमा परिकल्पना गरिएको छैन। अर्को तर्फ कर निर्धारण आदेश गर्नका लागी खडा भएको निर्णय पर्चामा ऐनको कुन दफाको कुन कसूरमा, कुन आधार, प्रमाण र हिसावबाट कर, जरिवाना, थप दस्तुर र ब्याज निर्धारण गरिएको हो, सो समेत खुलाईएको छैन। कर निर्धारण गर्ने अधिकार राजस्व अनुसन्धान विभागको नभएको हुँदा राजस्व अनुसन्धान विभागबाट भएको निर्णय क्षेत्राधिकारविहिन एवं कानून विपरित भएको हुदाँ बदर गरी हामीले पेश गरेका प्रत्येक कर अवधीको विवरणलाई मान्यता दिई नलाग्ने कर जरिवाना थप दस्तुर र ब्याज समेतको दायित्वबाट मुक्त हुने गरी निर्णय गरी पाउ भनी करदाता एलिडा नेपाल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०६५।०२।०५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

८. यसमा वस्तु वा सेवाको कर लाग्ने मूल्य कायम गर्दा उक्त वस्तु वा सेवा खरिदमा लागेका सम्पूर्ण खर्चहरु मुनाफा र शुल्कहरु समेत जोडेर कायम गर्नु पर्नेमा प्रस्तुत करदाताले भन्सारमा घोषणा गरेका खर्चहरु जोडेर कायम भएको मूल्य भन्दा घटी मूल्यमा बिक्री गरेको अवस्थामा न्यून विजकीकरण गरी बिक्री गरेकोलाई मूल्य अभिबृद्धि करऐन, २०५२ को दफा २०(१) (ङ) अनुसार कर अधिकृतले कर निर्धारण गर्न सक्ने नै हुँदा राजश्व अनुसन्धान विभागका कर अधिकृतले गरेको कर निर्धारण कानून सम्मत देखिँदा करदाताको जिकिर पुग्न नसक्ने भै राजश्व अनुसन्धान विभागका कर अधिकृतले गरेको निर्णय मनासिव ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।०३।२९ मा भएको निर्णय ।

९. पुनरावेदक एलिडा नेपाल प्रा.लि. ले विदेशबाट आयात गरिएको सामान न्यून बिजकीकरण गरी विक्रि गरेको छैन्। न्यून बिजकीकरण बिक्री नगरेकोलाई न्यून विजकीकरण गरी बिक्री गरेको भनी बिना आधार कारण र प्रमाण लिई निर्णय गर्न पाउने होईन। साथै राजस्व अनुसन्धान विभागलाई कर निर्धारण गर्ने क्षेत्राधिकार समेत कुनै ऐनले प्रदान गरेको समेत नदेखिँदा न्यायिक मनको प्रयोग नगरी मूल्य अभिवृद्धि कर अन्तिम कर निर्धारण आदेश एवं सो सँग सम्बन्धित निर्णय प्रतिवेदन क्षेत्राधिकार विहिन एवं कानून विपरित भएको र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०६५।३।२९ मा भएको निर्णय समेत त्रुटि रहेको हुँदा उक्त कर निर्धारण आदेशहरु एवं निर्णयहरु समेत बदर गरी लाग्दै नलाग्ने कर, जरिवाना, थप दस्तुर र व्याज समेतको दायित्वबाट मुक्त हुने गरी निर्णय गरीपाउँ। साथै उक्त निर्णयको आधारमा यस विवादको सम्बन्धमा दाखिल गरेको रकम फिर्ता पाउने समेत निर्णय गरी पाउँ भन्ने समेत वेहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०६५।०४।२९ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन-पत्र ।

१०. यसमा भन्सार विन्दुमा निर्णय गरेको मूल्य भन्दा कम मूल्यमा सामान विक्रि गरेको भनी शुरू कार्यालयबाट कर निर्धारण गरिएको फरक पर्न सक्ने अवस्था देखिंदा छलफलको लागि अ.वं. २०२ नं. बमोजिम सरकारी वकिल राजस्व अनुसन्धान विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०६५।१०।२२ मा भएको आदेश ।

११. करदाता एलिडा नेपाल प्रा. लि.ले यस न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदनमा बैङ्क अफ काठमाडौं लिमिटेडबाट जारी गरेको Financial Guarantee मा December 31, 2008 सम्मको लागि भन्ने देखिन्छ। सो पश्चात बैङ्क ग्यारेन्टीमा म्याद थप गरेको वा पुनः बैङ्कबाट अर्को ग्यारेन्टी जारी गरेको भन्ने नदेखिँदा सो बैङ्क ग्यारेन्टीले निरन्तरता पाएको नदेखिएकोमा मूल्य अभिबृद्धि कर ऐन. २०५२ को दफा ३३ र राजश्व न्यायाधिकरण ऐन. २०३१ को दफा ९ बमोजिम राख्नुपर्ने धरौटीको म्याद सकिएको र त्यस्तो धरौटी रहेको भन्ने नदेखिँदा प्रस्तुत मुद्दाको औचित्यभित्र प्रवेश गर्नुपर्ने नदेखिएकोले पुनरावेदन खारेज हुने ठहर्छ भन्ने समेत वेहोराको यस न्यायाधिकरणबाट मिति २०६७।०७।१६ मा भएको फैसला।

१२. यस न्यायाधिकरणबाट भएको फैसलामा चित्त नबुझाई निवेदक एलिडा नेपाल प्रा.लि.का तर्फबाट श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमतिको लागि निवेदन गरी मिति २०६८।०६।०६ मा पुनरावेदन गर्ने अनुमती प्राप्त गरी सम्मानित अदालतमा पुनरावेदनको रोहमा दर्ता भएको ।

१३. करदाता एलिडा नेपाल प्रा. लि. ले राजस्ब न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदनमा बैङ्क अफ काठमाडौं लिमिटेडबाट जारी गरेको Financial Guarantee मा मिति २०६७।०९।१६ तदअनुसार December 31, 2008 उल्लेख भएकोमा सोको म्याद राजस्व न्यायाधिकरणबाट फैसला हुने मितिसम्म कायमै रहेको अवस्थामा बैङ्क ग्यारेन्टी समाप्त भई निरन्तरता पाएको नदेखिएको भनी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६७।०१।१६ मा भएको फैसला मिलेको नदेखिएकोले बदर गरिदिएको छ।अब प्रस्तुत मुद्दाको सुनुवाईको क्रममा जो जे सबुत प्रमाण बुझ्नुपर्ने बुझि कानून अनुरूप पुनः निर्णय गर्नु भनी पुनरावेदकलाई तारेख तोकी मिसिल समेत पुनः इन्साफको लागि राजस्व न्यायाधिकरण काठमाडौं पठाई दिने ठहर्छ भनी मिति २०७४।०८।०५ मा श्री सर्वोच्च अदालतबाट भएको फैसला।

१४. नेपाल सरकारले मूल्य अभिवृद्धि कर निर्धारण गर्न अधिकार प्रत्यायोजन गरेको अधिकारपत्र समेत प्रत्यर्थी राजस्व अनुसन्धान विभागवाट झिकाइ भएपछि लगाउका

मुद्दाहरु समेत साथै राखी पेश गर्नु भन्ने समेत वेहोराको यस न्यायाधिकरणबाट मिति २०७६।०३।२३ मा भएको आदेश ।

१५. प्रस्तुत मुद्दामा पुनरावेदक करदाताको हकमा मिति २०६५।०१।०३।३ मा आ.व २०६१/०६२ देखि २०६३/०६४ सम्मको मूल्य अभिबृद्धि कर निर्धारणको निर्णय गर्ने पदाधिकारी तथा राजश्व अनुसन्धान विभागका निर्देशक/अधिकृतहरूलाई मूल्य अभिबृद्धि ऐन २०५२ को दफा ३ बमोजिम नेपाल सरकारले प्रमुख कर अधिकृत/कर अधिकृतको कार्य गर्ने गरी तोकेको सम्बन्धि नेपाल सरकारको निर्णयहरूको प्रतिलिपी विशेष सरकारी वकील मार्फत झिकाई आएपछि लगाउका मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नू भन्ने समेत वेहोराको यस न्यायाधिकरणबाट मिति २०७७।१२।२४ मा भएको आदेश।

१६. यस न्यायाधिकरणको मिति २०७७।१२।२४ को आदेशानुसारको निर्णयको प्रमाणित प्रतिलिपी मिति २०७९।०२।०६ मा प्राप्त भई मिसिल सामेल रहेको ।

ठहर खण्ड

१७. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एलिडा नेपाल प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री चण्डेश्वर श्रेष्ठ र श्री तुलसी भट्ट तथा विद्धान अधिबक्ता श्री रमणकुमार कर्णले राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश अधिकार क्षेत्र विहिन भई प्रारम्भतः सुन्य रहेकोले बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरू राजस्व अनुसन्धान विभागबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

१८. उपर्युक्त बहस समेत सुनी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिवृद्धि करको अन्तिम कर निर्धारणको निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१९. निर्णयतर्फ विचार गर्दा, एलिडा नेपाल प्रा.लि.ले आ. व. २०६१/०६२ देखि आ. व. ०६३/०६४ सम्म गरेको कारोवारमा कर, जरीवाना, थप दस्तुर र ब्याज समेत गरी रू.

४,१६,७७४।३१ तिर्नु पर्ने देखिएकोले तिर्नु नपर्ने अथवा परिर्वतन गर्नु नपर्ने कुनै ठोस प्रमाण भए १५ दिन भित्र पेश गर्नु भनी राजस्व अनुसन्धान विभाग,हरिहरभवन, ललितपुरबाट मिति २०६४।११।२६ मा करदातालाई प्रारम्भिक कर निर्धारण आदेश दिएको देखिन्छ। राजस्व अनुसन्धान विभागबाट कर, जरिवाना, थप दस्तुर र व्याज भन्सार विन्दूमा निर्धारण गरिएको मूल्यको आधारमा माग गर्ने कार्य न्यायपूर्ण नभएको भनी मिति २०६४।१२।११ मा राजस्व अनुसन्धान विभागमा लिखित प्रतिवाद गरेको देखिन्छ।

२०. राजस्व अनुसन्धान विभागले प्रारम्भिक कर निर्धारण आदेशानुसारनै हुने गरी अन्तिम कर निर्धारणको निर्णय गरी सोही बमोजिम मिति २०६५।०१।०३ मा अन्तिम कर निर्धारण आदेश गरेको देखिन्छ। राजस्व अनुसन्धान विभागको मिति २०६५।०१।०३ को निर्णयमा करदाताले चित्त नबुझाई आन्तरिक राजस्व विभागमा प्रशासकिय पुनरावलोकनको लागि निवेदन दिएकोमा राजस्व अनुसन्धान विभागका कर अधिकृतले गरेको कर निर्धारण कानून सम्मत देखिँदा करदाताको जिकिर पुग्न नसक्ने भै राजश्व अनुसन्धान विभागका कर अधिकृतले गरेको निर्णय मनासिव ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट मिति २०६५।०३।२९ मा निर्णय भएको देखिन्छ।उक्त निर्णयमा चित्त नबुझाई पुनरावेदक करदाताले विदेशबाट आयात गरिएको सामान न्यून बिजकीकरण गरी विक्रि गरेको छैन्।न्यून बिजकीकरणमा बिक्री नगरेकोलाई न्यून विजकीकरण गरी बिक्री गरेको भनी बिना आधार, कारण र प्रमाण लिई निर्णय गर्न पाउने अधिकार प्रत्यर्थी विभागलाई नहुँदा शुरूको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रुटि रहेको हुँदा उक्त कर निर्धारण आदेशहरु एवं निर्णयहरु समेत बदर गरी उक्त निर्णयको आधारमा यस विवादको सम्बन्धमा दाखिल गरेको रकम फिर्ता पाउने समेत निर्णय गरी पाउँ भन्ने समेत वेहोराको जिकिर लिई यस न्यायाधिकरणमा पुनरावेदन-पत्र दायर हुन आएको देखियो। राख्नुपर्ने धरौटीको म्याद सकिएको र त्यस्तो धरौटी रहेको भन्ने नदेखिँदा प्रस्तुत मुद्दाको औचित्यभित्र प्रवेश गर्नुपर्ने नदेखिएकोले पुनरावेदन खारेज हुने ठहर्छ भन्ने यस न्यायाधिकरणबाट मिति २०६७।०७।१६ मा भएको फैसला उपर पुनरावेदक करदाताले पुनरावेदन गर्न अनुमतीको लागि निवेदन दर्ता गरी अनुमती प्राप्त भई श्री सर्वोच्च अदालतबाट पुनः निर्णयको लागि यस न्यायाधिकरणमा मिसिल फिर्ता आएको देखियो ।

२१. प्रस्तुत मुद्दामा पुनरावेदक तथा पुनरावेदकको तर्फबाट वहस गर्नुहुने विद्धान् कानून व्यवसायीहरुले पुनरावेदक करदाताको मूल्य अभिवृद्धिकर तर्फको अन्तिम कर निर्धारण गर्ने कानूनी अख्तियारी प्रत्यर्थी राजस्व अनुसन्धान विभागका निर्देशक (प्रमुख कर अधिकृत) लाई नभएकोले अधिकारक्षेत्र विहीन निर्णय सुन्य रहेको भन्ने प्रश्न उठाउनु

भएको देखिदा सर्वप्रथम यही कानुनी प्रश्नको सम्बन्धमा नै विचार गर्नुपर्ने देखियो। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३ मा "**यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले आवश्यक संख्यामा कर अधिकृतहरू नियुक्त गर्न सक्ने र नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि कर अधिकृतको कार्य गर्ने गरी तोक्न सक्नेछ**" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानुनी व्यवस्थाको आधारमा हेर्दा, मूल्य अभिवृद्धि कर निर्धारण गर्ने अधिकार सो प्रयोजनको लागि नियुक्त गरेको कर अधिकृत वा तोकेका अधिकृतलाई मात्र रहने देखिन्छ। यी पुनरावेदक करदाताको आ.व.२०६२ आषाढदेखि २०६७ आषाढ सम्मको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरका निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीले गरेको कुरा मिति २०६५।०१।०३ को निर्णय पर्चाबाट देखिएको छ । राजस्व अनुसन्धान विभागलाई राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात र तत् सम्वन्धि काम कारवाही गर्ने अधिकार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ९ मा रहेको देखिन्छ भने सोही ऐनको दफा १३क. को उपदफा (२) मा विभागले पचास लाख रुपैंया सम्मको राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्त शुल्क, भन्सार महसुल वा अन्यकर वा गैर कर थप निर्धारण गरी असुल गर्न सम्वन्धित संस्था वा निकायमा लेखि पठाउन सक्ने अधिकार समेत रहेको पाइन्छ । मूल्य अभिवृद्धिकरतर्फ आफै अन्तिम कर निर्धारण गर्ने अधिकार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ ले विभाग वा विभागमा कार्यरत कुनै पनि अधिकृतलाइ दिएको पाइएन।

२२. पुनरावेदक करदाताले मिति २०६५।०२।०५ मा आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिंदाका वखत नै निवेदनको प्रकरण नं. (५) मा राजस्व अनुसन्धान विभागका निर्देशकको मूल्य अभिवृद्धि कर निर्धारण गर्ने क्षेत्राधिकारमा प्रश्न उठाएकोमा प्रत्यर्थी राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०२।२७ मा आन्तरिक राजस्व विभागमा पठाइएको प्रतिकृयाको प्रकरण नं. १ (च) मा यस विभागका निर्देशक भरतराज सुवेदीलाइ मूल्य अभिबृद्धि कर ऐन, २०५२ वमोजिम प्रमुख कर अधिकृत र यस विभागमा कार्यरत सवै शाखा अधिकृतलाई ऐ.ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारको निर्णयबाट अधिकार प्रत्यायोजन भएको भन्ने वेहोरा उल्लेख गरेको भए पनि उक्त प्रतिक्रियासाथ नेपाल सरकारको निर्णयको प्रति संलग्न राखेको देखिन आउदैन । त्यस्तो अवस्थामा आन्तरिक राजस्व विभागले अन्तिम कर निर्धारणको निर्णय गर्ने निर्देशक भरतराज सुवेदीको कानूनी अख्तियारी सम्बन्धी निर्णय मगाई अधिकार क्षेत्रको यकिन गरेर मात्र निर्णय गर्नुपर्नेमा

सोही प्रतिक्रियाको भरमा निर्णयको प्रतिलिपी नै नहेरी मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३ मा भएको व्यवस्था अनुसार नेपाल सरकारले राजस्व अनुसन्धान विभागका निर्देशक एवं शाखा अधिकृतहरुलाई कर अधिकृत तोकेको अवस्थामा क्षेत्रधिकारको प्रश्न उठाउनु कानून सम्मत देखिदैन भनी निष्कर्षमा पुगेको देखिन आयो ।

२३. यस न्यायाधिकरणको मिति २०७६।०३।२३ को आदेश बमोजिम राजस्व अनुसन्धान विभागबाट नेपाल सरकारले मूल्य अभिवृद्धि कर निर्धारण गर्ने अधिकार प्रत्यायोजन गरेको अधिकारपत्र समेत माग गरिएकोमा मिति २०६४।०५।१३ मा राजस्व अनुसन्धान विभागका ३ जना शा.अ. हरु क्रमशः श्री कृष्णबहादुर वस्नेत, श्री नारायण हरि अधिकारी र श्री लेखनाथ निरौलालाइ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ वमोजिम कर अधिकृतको अधिकार प्रत्यायोजन गरेको नेपाल सरकार अर्थमन्त्रालयको निर्णयको प्रतिलिपी प्राप्त भए पनि निर्देशक भरतराज सुवेदीलाई अधिकार प्रत्यायोजन गरेको निर्णण प्राप्त हुन सकेको मिसिलबाट देखिँदैन। यस न्यायाधिकरणबाट पुनः मिति २०७७।१२।२४ को आदेश वमोजिम पुनरावेदक करदाताको हकमा मिति २०६५।०१।०३ मा आ.व. २०६१/०६२ देखि आ.व. २०६३/०६४ सम्मको मूल्य अभिवृद्धि कर निर्धारणको निर्णय गर्ने पदाधिकारी तथा राजस्व अनुसन्धान विभागका निर्देशक/ अधिकृतहरूलाई मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम नेपाल सरकारले प्रमुख कर अधिकृत / कर अधिकृतको काम गर्ने गरी तोकेको सम्बन्धी नेपाल सरकारको निर्णयको प्रतिलिपी विशेष सरकारी वकिलको कार्यालय, काठमाडौं मार्फत झिकाएकोमा मिति २०७९।०२।०६ च.न. ७७८० को पत्र साथ प्राप्त निर्णयको प्रतिलिपीबाट राजस्व अनुसन्धान विभागका निर्देशक केवल प्रसाद भण्डारीलाइ मिति २०६४।०२।२४ मा तोकिएको, निर्देशक श्री तुलसी राम सेढाई, शाखा अधिकृत श्री दीर्घराज मैनाली र लालबहादुर खत्रीलाई मिति २०६१।१२।११ मा प्रमुख कर अधिकृत र कर अधिकृतको रुपमा काम गर्न तोकिएको देखिए पनि पुनरावेदक करदाताको मूल्य अभिवृद्धि कर निर्धारण गर्न निर्देशक भरतराज सुवेदीलाई प्रमुख कर अधिकृतको रुपमा तोकेको कुनै निर्णय वा प्रतिलिपी प्राप्त हुन सकेको मिसिलबाट देखिएन । यसबाट राजस्व अनुसन्धान विभागको निर्देशक भरतराज सुवेदीलाई पुनरावेदक करदाताको आ.व.२०६१/०६२ देखि आ.व. २०६३/०६४ सम्मको मूल्य

अभिबृद्धि कर निर्धारण गर्न नेपाल सरकारबाट मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम प्रमुख अधिकृत तोकिएको भन्ने अधिकार क्षेत्र नै प्रमाणवाट पुष्टि हुन सकेको देखिएन ।

२४. मुद्दामा अधिकार क्षेत्रको प्रश्न आधारभुत एवं महत्वपूर्ण कानूनी प्रश्नको रुपमा रहेको हुन्छ । निर्णयकर्ताले आफ्नो अधिकारको कानूनी स्रोत नै प्रमाणित गर्न नसकेको अवस्थामा त्यस्तो निर्णयले कानुनी वैधता प्राप्त गर्न नसकी त्यस्ता निर्णयहरुको कुनै औचित्य नै रहन सक्दैन । श्री सर्वोच्च अदालतबाट "*जुन कामका लागि कानूनले जसलाई अधिकार दिएको छ सो काम सोही निकाय वा अधिकारीले गर्नुपर्छ । कानूनद्धारा अख्तियार पाएका निकाय वा अधिकारीको क्षेत्राधिकारमा हस्तक्षेप वा संकुचन हुने गरी अन्य निकाय वा पदाधिकारीले अधिकार प्रयोग गर्न पाउदैन । अधिकार विहीन निकायबाट भएको काम कारवाहीले मान्यता पाउन सक्दैन । निर्णयको परिणाम सारमा जतिसुकै राम्रो भए पनि क्षेत्राधिकार विहीन निर्णयको कानुनी मान्यता नरहने*" [1] भनी तथा "*राज्यको हरेक निकायहरुले आफूबाट भएको हरेक काम कारवाही र निर्णयको कानूनी आधार देखाउन सक्नुपर्ने हुन्छ देखाउन नसके त्यस्ता काम कारवाही र निर्णयले वैधता प्राप्त गर्न सक्दैन*" [2] भनी सिद्धान्त प्रतिपादन भएको पाईन्छ। यसरी नै "*विवाद हेर्ने क्षेत्राधिकार कानूनतः स्पष्ट तोकिएको अवस्थामा मात्र त्यस्तो निकायले ग्रहण गर्ने हो र त्यस्तो साधिकार निकायबाट भएका आधिकारिक निणर्यले मात्र कानूनी मान्यता पाउने*" [3] भनी र "*सार्वजनिक अधिकारीले कानूनले दिएको अधिकारभन्दा बढी अधिकार प्रयोग गरेमा वा नभएको अधिकार प्रयोग गरेका त्यस्तो कार्य वा निर्णय स्वेच्छाचारी हुन्छ अधिकार विहिन निकायले हेरि छिनेको मुद्दाको कुनै औचित्य हुदैन*" [4] भनी सिद्धान्त प्रतिपादन भएको पाईन्छ।

२५. अतः माथिका प्रकरणहरुमा विवेचना गरिएको कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्त समेतको आधारमा पुनरावेदक करदाताको आ.व. २०६१/०६२ देखि आ.व. २०६३/०६४ सम्मको मूल्य अभिवृद्धिकर निर्धारण गर्न मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ वमोजिम प्रमुख कर अधिकृतको रुपमा नेपाल सरकारले राजस्व अनुसन्धान विभागका निर्देशक भरतराज सुवेदीलाई अख्तियारी दिइ तोकेको नदेखिएकोले निजबाट मिति २०६५।०१।०३ मा भएको अन्तिम कर निर्धारणको निर्णय क्षेत्रधिकार विहीन भइ कानुनी रुपमा सुन्य हुने देखिएको हुँदा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।०३।२९ मा भएको निर्णय समेत कायम रहन सक्ने देखिएन । यस स्थितिमा पनरावेदक करदाताले पुनरावेदन पत्रमा पठाएको अन्य प्रश्न तर्फ विचार गरिरहनु परेन ।

[1] कृष्णराम विजयानन्द विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत ने.का.प.२०७४ अंक ८, नि.नं. ९८६६

[2] करिसिंह भुल विरूद्ध लोकसेवा आयोग केन्द्रिय कार्यालय समेत ने.का.प. २०७३ अंक ३, नि.नं. ९५५८

[3] ने.का.प. २०६९ अंक ४, नि.नं. ८८१८

[4] ने.का.प. २०६६ अंक ३, नि.नं. ८१००

२६. तसर्थ माथि उल्लिखित तथ्य, आधार एंव कारण समेतबाट पुनरावेदक करदाता श्री एलिडा नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०१२११७८) को २०६२ आषाढदेखि २०६४ आषाढसम्मको मूल्य अभिवृद्धि कर तर्फको संशोधित कर निर्धारण गर्ने अधिकारको सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम नेपाल सरकारले राजस्व अनुसन्धान विभागका निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीलाई नियुक्त गरेको वा तोकेको अख्तियारी पत्र मिसिल संलग्न रहेको नदेखिंएको र यस न्यायाधिकरणको मिति २०७७।१२।२४ को आदेश बमोजिम राजस्व अनुसन्धान विभागबाट प्राप्त भएको समेत नदेखिंदा कर निर्धारण गर्न कानून बमोजिमको अधिकार क्षेत्र विहिन अधिकृतद्वारा मिति २०६५।०१।०३ मा गरेको कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकद्वारा मिति २०६५।०३।२९ मा भएको निर्णय समेत कानूनी रुपमा सुन्य भई कायम रहन सक्ने नदेखिंदा बदर हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम कर निर्धारण गर्न कानून बमोजिमको अधिकारक्षेत्र विहिन अधिकृतद्वारा मिति २०६५।०१।०३ मा गरेको कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकद्वारा मिति २०६५।०३।२९ मा भएको निर्णय समेत कानूनी रुपमा सुन्य भई कायम रहन सक्ने नदेखिंदा बदर हुने ठहरेकोले प्रस्तुत मुद्दामा करदाताले बुझाएको वा राखेको धरौटी रकम कानून बमोजिम हिसाव गरि करदातालाई कानून बमोजिम फिर्ता दिनु भनी आन्तरिक राजस्व कार्यालय ललितपुरलाई लेखी पठाइदिनू।
२. फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।
३. नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
४. फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

<u>लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईंको फरक राय</u>

१) यसमा आन्तरिक राजस्व अनुसन्धान विभाग ललितपुरबाट पेश भए मुताविक नेपाल सरकार अर्थ मन्त्रालय (सचिवस्तरीय) मिति २०६४।०५।१३ को निर्णय अनुसार उप-महानिर्देशक अनुपस्थित रहेका बखत भन्सार अधिकृतको हैसियतले गर्ने कामको लागि भन्सार ऐन, २०१९ को दफा ३४(क) बमोजिम विभागका निर्देशक श्री निर्मलहरि अधिकारीलाई भन्सार अधिकृत र विभागका शाखा अधिकृत त्रय श्री कृष्णबहादुर बस्नेत, श्री नारायण अधिकारी र श्री लेखनाथ निरौलालाई मूल्य अभिबृद्धिकर ऐन, २०५२ को दफा ३ बमोजिम अनुसन्धानका लागि कर अधिकृत तोकी काम गर्न स्वीकृत प्रदान गरेको र सो मुताविक जिम्मेवारी तोकिएका अधिकृतहरुबाट एलिडा नेपाल प्रा.लि.को स्रेस्ता कागजात परीक्षण, छानविन तथा बयान समेत लिई मिति २०६४।११।२४ मा राजस्व अनुसन्धान विभाग समक्ष अन्तिम प्रतिवेदन बुझाइ विभागको च. नं. १९७० मिति २०६४।११।२६ बाट मिति २०६४।१२।२५ सम्मको व्याज, शुल्क र जरिवाना समेत प्रत्यायोजित अधिकार प्राप्त अधिकृतहरुले निर्धारण गरेको रु.४,१६,७७,४३१।- मूल्य अभिवृद्धि कर दाखिला गर्न एलिडा नेपाल प्रा.लि.लाई प्रारम्भिक मूल्य अभिबृद्धि कर निर्धारण आदेश विषय उल्लेख गरी पत्राचार गरेको र उक्त पत्रको जवाफ मिति २०६४।१२।११ मा प्राप्त भएपश्चात राजस्व अनुसन्धान विभाग, ललितपुरको नेपाल सरकारले स्वीकृत गरेको संगठन तालिका बमोजिमको प्रमुख कर अधिकृत पदमा कार्यरत निर्देशक/प्रमुख कर अधिकृत श्री भरतराज सुवेदीबाट छानविन गर्ने कर अधिकृत त्रयले पेश गरेको करमा कुनै परिवर्तन नगरी मिति २०६४।१२।२६ देखि मिति २०६५।०१।२५ सम्मको नियमानुसार दस्तुर र व्याज गणना गरी सो रकम थप गरी च.नं. ३०७९ मिति २०६५।०१।०३ को पत्रानुसारको अन्तिम मूल्य अधिवृद्धि कर रु.४,२०,६१,५३१।- निर्धारण गर्न भएको मिति २०६५।०१।०३ मा स्वीकृत भएको निर्णय पर्चा बमोजिमको निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०६५।०२।०५ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक महेश्वर शर्मा पौडेलबाट मिति २०६५।०३।२९ मा भएको निर्णय उपर चित्त नबुझि मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको

दफा ९ को उपदफा (१) बमोजिम उक्त निर्धारित (विवादित) कर रु.४,२०,६१,५३१/– को पचास प्रतिशतले हुने पुनरावेदन धरौटी रु.२,१०,३०,७६५।५० वापत भौचर नं नभएको मिति २०६४।१२।११ को भौचरबाट धरौटी खाता नं. ख३ १२४ (१८०-५१-१०७३७) मा दाखिला रु.१,६७,००,०००।– को अप्रमाणित फोटोकपी भौचर र बैंक अफ काठमाण्डौको बैंक ग्यारेण्टी नं 08GT0165 बाट रु.३,२२,००,०००।– को बैंक जमानत सहित पुनरावेदन धरौटी रु.४,८९,००,०००।- राखि दर्ताको लागि पेश भएको पुनरावेदन पत्र स्रेस्तेदारबाट स्वीकृत भई मिति २०६४।०४।२९ मा पहिलो पटक र मिति २०७५।०३।१३ मा दोश्रो पटक दर्ता भएको पाइयो ।

२) मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३१क को उपदफा (६) मा तोकिए बमोजिम प्रशासकीय पुनरावलोकनको लागि मिति २०६५।०२।०५ मा निवेदन दिंदा विवादित कर रु.४,२०,६१,५३१।- को ३३ प्रतिशतले हुने रु.१,३८,८०,३०५।२३ दाखिला गर्नु पर्नेमा भौचर नं. नभएको मिति २०६४।१२।११ को भौचरबाट धरौटी खाता नं. ख३ १२४ (१८०-५१-१०७३७) मा रु.१,६७,००,०००।- अप्रमाणित फोटोकपी भौचरबाट दाखिला देखिएको छ। ऐ. ऐनको दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०६५।०२।०५ गते पश्चात राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न विवादित करको पचास प्रतिशतले हुने रु.२,१०,३०,७६५।५० धरौटी राख्नु पर्नेमा बैंक अफ काठमाण्डौको बैंक ग्यारेण्टी नं 08GT0165 बाट रु.३,२२,००,०००।- को सन ६ अगष्ट २००८ को बैंक जमानतको रकमलाई गणना गर्दा पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने भन्दा बढी नै धरौटी देखिएको छ।

३) राजस्व न्यायाधिकरण काठमाण्डौमा चढाएको ९७-०७४-०२१७ मिति २०६५।४।२९।४ मा दर्ता भई पुनः मिति २०७५।३।१३ मा पुनः दर्ता भएको ०७४-RB-०२१७ पुनरावेदन पत्रानुसार पुनरावेदकका मागदावीका संक्षिप्त वेहोरा निम्न बमोजिम उल्लेख गरेको देखियो ।

सि.नं.२. मूल्य अभिबृद्धि कर प्रत्येक महिना अनुसूची -१० को मास्केवारी फाराम भरी बुझाउदै आएको भन्ने वेहोरा,

सि.नं.३. कम्पनीले भन्सार महसूल प्रयोजनका लागि आजसम्म कुनै पनि मालवस्तुको वास्तविक मूल्य र परल मूल्य भन्दा घटी मूल्य घोषणा गरेको छैन भन्ने वेहोरा,

सि.नं.४. मिति २०६४।०७।१३ मा कारोवारसंग सम्बन्धित विभिन्न कागजात सहित उपस्थित हुने भनी पत्र पठाउनु भएको र मालवस्तुको वास्तविक र परल मूल्य बमोजिम प्रज्ञापन पत्र भरी माल वस्तुको घोषणा गरेको सम्बन्धमा विस्तृत रुपमा मिति

२०६४।०८।०३, मिति २०६४।०८।१९, मिति २०६४।०८।२०, मिति २०६४।०८।२१,मिति २०६४।०८।२५, मिति २०६४।०८।२६, मिति २०६४।०८।२७, मिति २०६४।०८।२८, मिति २०६४।०९।०८ समेत गरी ९/१० दिन लगातार वयान र माग गरे अनुसारका विवरण समेत उपलव्ध गराएर स्पष्ट पारेको वेहोरा,

सि.नं.५. आन्तरिक राजस्व विभागबाट मुलतः हाम्रो निवेदन दावीका सम्बन्धमा न्यायिक मनको प्रयोग नगरी तथ्यको वेवास्ता गरी प्रचलित कानून समेतलाई गलत अर्थ गरी निर्णय भएको, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१), (२) र (३) को अवस्था आधार र प्रकृया विपरित कर निर्धारण भएको भनी लिएको जिकिरको खण्डन गर्न सक्नु भएको छैन। व्याज र थप दस्तुरको हिसाव र आधारका सम्बन्धमा उठाइएका प्रश्नका सम्बन्धमा विभागले खण्डन गरी निर्णय गर्न सकेको छैन भन्ने वेहोरा र

सि.नं.६. आन्तरिक राजस्व विभागमा दिएको निवेदनमा उल्लेख गरेका बुँदा, क्षेत्राधिकारको सम्बन्धमा उठाएको कानूनी प्रश्न एवं तथ्यगत जिकिर यसै पुनरावेदन पत्रको अभिन्न अङ्ग कायम गरी राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०१।०३ मा जारी भएको मूल्य अभिवृद्धि करको अन्तिम कर निर्धारण आदेश कानून विपरित रहेको र आन्तरिक राजस्व विभागको मिति २०६५।०३।२९ को निर्णय त्रुटीपूर्ण रही हचुवा एवं कानून संगत नभएको कुराको समर्थनमा हाम्रो जिकिर तलका प्रकरणमा खुलाएका छौं भनी उल्लेख गरेको भाषागत विस्तृत वेहोरा सो पुनरावेदन पत्रबाट अवगत हुने नै हूँदा यहाँ पुनरावृती गरी रहनु परेन ।

४) पुनरावेदन पत्र सि.नं. ७ मा उल्लिखित विवादित विषयको रुपमा पुनरावेदकले पुनरावेदनपत्रमा निम्न वेहोरा उल्लेख गरेको छः-

(क) आरोप लगाए बमोजिम आफूले तिरेको खरिद मूल्य भन्दा कम मूल्यमा सामानको विक्रि नगरेको र सम्बन्धित आर्थिक वर्षमा कम्पनीले मालको विक्रि गर्दा मुनाफा जोडी तथा वास्तविक खरिद मूल्य र अन्य वास्तविक खर्च संचालन खर्च कटाइ बिक्री गरेपश्चात कम्पनीले मुनाफा आर्जन गरेको प्रष्ट भएकोले यसै एकल आधार मै पनि अन्तिम कर निर्धारण आदेश वदरभागी छ भनी जिकिर लिएको छ ।सो सम्बन्धमा छानविनका क्रममा लिएको बयानको प्रश्नको जवाफ फरक हुन पुगेको पाइयो ।

वयानको सवाल नं ४२ मा खरिद लागत भन्दा भन्सार विन्दुमा कम खरिद देखाई पैठारी गर्नु भएको लागत भन्दा आर्थिक वर्ष २०६०/०६१ मा ३ वटा प्रज्ञापन पत्रको रु.७०,६५४।-,आर्थिक वर्ष २०६१/०६२ मा ९ वटा प्रज्ञापन पत्रको रु.२४,७३,२६८।-,आर्थिक वर्ष २०६२/०६३ मा २६ वटा प्रज्ञापन पत्रको

रु.२१,१८,१४७।-र आर्थिक वर्ष २०६३/०६४ मा १४ वटा प्रज्ञापन पत्रको रु.२१,६३,२६४।- घटी घोषणा गरेकोमा भन्सार महशुल, शुल्क, कर असुल गरिनेछ भनी सोधेकोमा एक्सेञ्ज रेटको कारण खरिद मूल्य कम घोषणा भएको हो भनी जवाफ दिएको पाइयो ।आयात गरिएको सामानको भन्सार विन्दुमा खरिद मूल्य, भन्सार सन्दर्भ मूल्य पुस्तिका अनुसारका सबै विवरण उपलव्ध गराएको छ । यस अघि आन्तरिक राजस्व कार्यालयले कर निर्धारणको क्रममा सम्बन्धित कर अवधिको खरिद विक्रि कारोवारलाई छानविन र जाँचवुझ गरेपश्चात भएको कर निर्धारण समेत अन्तिम भै अविवादित रहेको छ। भन्सार प्रयोजनका लागि मूल्याङ्कन गरिएको सामानको मूल्य नै नेपालमा विक्रि गर्न आयात गरिएको सामानको वास्तविक कारोबार मूल्य हुन जरुरी छैन। भन्सारले आफ्नो प्रयोजनको लागि मूल्याङ्कन गरिएको मूल्य काल्पनिक र अनुमानित मात्र हो।यसले उपभोक्तालाई विक्रि गरिने मूल्यसंग कुनै सरोकार राख्दैन । विक्रि मूल्य निर्धारण गर्दा आयात गरिएको सामानको भुक्तानि गरिएको वास्तविक मूल्यले मात्र महत्व पाउँछ । तसर्थ भंसार महसुल मुल्याङ्कन प्रयोजनको लागि उल्लेख भएको सामानको भन्सार मूल्य बमोजिम वस्तुको मूल्य कायम गरी विक्रि गर्नुपर्ने र सोही बमोजिम मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने भन्ने तर्क कानून सम्मत छैन भनी मूल्य फरक परेको आरोपलाई स्वीकार गर्दै त्यस्तै घोषणा गरेको खरिद मूल्य भन्दा विक्रि मूल्य कम हुनुपर्ने पुनरावेदन जिकिर लिएको छ ।

(ख) भन्सार प्रयोजनको लागि गरिएको मूल्याङ्कन सामानको विक्रि मूल्य भन्दा पूर्णत स्वतन्त्र रहने र भन्सार प्रयोजनको लागि गरिएको मुल्याङ्कन र मालको बजारमूल्यको विच राजस्व अनुसन्धान विभागले उल्लेख गरे बमोजिमको सरोकार नरहेको र यी दुई तथ्यहरु फरक फरक भै स्वतन्त्र विषयहरु भएको भनी जिकिर लिएको देखियो । काल्पनिक मूल्याङ्कनको आधारमा मूल्य अभिबृद्धि करलगाउन खोजिएको अन्तिम कर निर्धारण आदेश मूल्य अभिबृद्धि करको सिद्धान्त र अवधारणा विपरित छ भनीएको छ । प्रारम्भिक कर निर्धारण आदेशको आधारमा अन्तिम कर निर्धारण भएको विषयलाई पुनरावेदकले उल्लेख गरेको र प्रारम्भिक कर निर्धारणका सम्पूर्ण प्रकृयाहरुका बारेमा कुनै विवाद गरेको छैन ।

(ग) र (ङ) मा भन्सार विन्दुमा निर्धारण गरिएको सामानको मूल्य भन्दा वढी मूल्यमा सामान विक्रि गर्नु पर्ने कानूनी वाध्यात्मक व्यवस्था नभएको वढी मूल्यमा भन्सार महशुल र मूल्य अभिबृद्धि कर भुक्तानी भएको जिकिर गरी पुनरावेदकले छानविन प्रतिवेदनबाट पुष्टी भएको न्यून विजकीकरणलाई स्वीकार गरेको देखियो ।

(घ), (च), (छ) र (ज) मा कम्पनीले सधै नाफा आर्जन गरेकोले कम मूल्यमा सामान विक्रि नगरेको प्रमाणित हुने जिकिर लिई मूल्य अभिबृद्धि कर असुल गर्नका लागि कल्पीत

मूल्यको कुनै सरोकार नरहेको विक्रि मूल्य निर्धारण गर्ने अधिकार व्यवसायीको हुने समेत जिकिर लिई विक्रि मूल्य न्यून भएको स्वीकार गरेको देखिन आयो ।

(ङ), (झ) र (ञ) मा उल्लिखित जिकिर गर्दै विना कानूनी आधार काल्पनिक रुपमा गरिएको अन्तिम कर निर्धारण आदेश आधारहिन र काल्पनिक रुपमा तयार गरिएको छ जुन वास्तविक कारोवार मूल्यमा आधारित छैन। राजस्व अनुसन्धान विभागले कसूर प्रमाणित गर्नका लागि मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(३) ले किटान गरेको प्रमाणको भार पुऱ्याउन सक्नु भएको छैन भने अर्को तिर राजस्व अनुसन्धान विभागले कर निर्धारण आदेशलाई पुष्टि गर्ने ठोस सबूद प्रमाण पेश गर्न नसकेको हुनाले कर निर्धारण आदेश र माग गरिएको रकम शुल्क, व्याज इत्यादि त्रुटिपूर्ण रहेकोले कार्यान्वयन हुन सक्दैन वदर योग्य छ भनी भाषागत जिकिर गरेको देखियो ।

५) उल्लिखित पुनरावेदन जिकिरका बुंदाबाट मिति २०६५।०१।०३ को मूल्य अभिबृद्धि कर अन्तिम कर निर्धारण आदेश एवं सो संग सम्बन्धित निर्णय, प्रतिवेदन क्षेत्राधिकार विहिन एवं कानून विपरित भएको र आन्तरिक राजस्व विभागको मिति २०६५।०३।२९ को निर्णय समेत त्रुटी रहेको हुँदा उक्त कर निर्धारण आदेशहरु एवं निर्णयहरु समेत बदर गरी हामीले पेश गरेका प्रत्येक अवधीको विवरणलाई मान्यता दिई नलाग्ने कर थप दस्तुर र व्याज समेतको दायित्वबाट मुक्त हुने गरी निर्णय गरी न्याय इन्साफ पाउँ । यस्तो निर्णयको आधारमा हामीले यस विवादको सम्बन्धमा दाखिल गरेको रकम फिर्ता पाउने समेत निर्णय गरी पाउँ भनी मिति २०६५।०४।२९ मा पुनरावेदन दर्ता भएको पाइयो।

उल्लिखित पुनरावेदन मागदावी तथा जिकिर सम्बन्धमा राजस्व अनुसन्धान विभागबाट छानविन गर्न गरिएका कानूनी विधि तथा प्रकृया सम्बन्धमा हेर्दा देहाय बमोजिम भए/गरेको पाइयो ।

६) नेपाल सरकार अर्थ मन्त्रालय (सचिव स्तरिय) मिति २०६४।०५।१३ को निर्णयानुसार राजस्व अनुसन्धान विभागका उप-महानिर्देशक अनुपस्थित रहेका बखत भन्सार अधिकृतको हैसियतले गर्ने कामको लागि भन्सार ऐन, २०१९ को दफा ३४(क) बमोजिम सोही विभागका निर्देशक श्री निर्मलहरि अधिकारीलाई भन्सार अधिकृत तोक्नु पर्ने र शाखा अधिकृत श्री कृष्ण बहादुर बस्नेत, शाखा अधिकृत श्री नारायण अधिकारी र शाखा अधिकृत श्री लेखनाथ निरौलालाई मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३ बमोजिम कर अधिकृत तोकी काम गर्न स्वीकृत प्रदान गर्ने निर्णय भएको। सो निर्णय बमोजिम भन्सार अधिकृत र कर अधिकृतहरुले एलिडा नेपाल प्रा.लि.का सञ्चालक एवं प्रबन्ध निर्देशक प्रेम सिंह ठकुरीको अख्तियार प्राप्त वारेश सालिकराम सुवेदीसंग मिति

२०६४।०८।०३ देखि २०६४।०९।०८ सम्म २२ पानाको लिपीबद्ध ४६ वटा सवालमा राजस्व अनुसन्धान विभागका निर्देशक श्री निर्मलहरि अधिकारीले लिएको वयानमा एलिडा नेपाल प्रा.लि.ले युनिलिभर ग्रुपबाट उत्पादित विभिन्न प्रकारका सामानहरु भारत लगायत तेस्रो मुलुकबाट आयात गरी युनिलिभर नेपाल लिमिटेडसँगको सेवा सम्झौताको आधारमा विक्रि वितरण गर्ने बयान दिएको र सम्झौता अनुसार आर्थिक वर्ष २०६१/०६२ मा विक्रिको ८ प्रतिशत, आर्थिक वर्ष २०६२/०६३ मा विक्रिको २१ प्रतिशत र आर्थिक वर्ष २०६३/०६४ मा विक्रिको २६ प्रतिशत सेवा गरेवापत लिने उल्लेख गरेको छ । लागत मूल्यमा सो अवधिमा २७.१९ प्रतिशत देखि ३८.३१ प्रतिशतसम्म नाफा जोडी विक्रि गर्ने गरेको वयानको प्रकरण नं २७ मा स्पष्ट उल्लेख गरेको देखियो ।

७) बयानको प्रकरण नं ४१ मा मूल्य अभिवृद्धि कर तथा आयकर रकम तर्फ चुहावट भएको देखिएको मूल्य अभिबृद्धि करमा मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर र व्याज हिसाव गरी मूल्य अभिवृद्धि कर निर्धारण गरिने एवं आयकर तर्फ आयकर ऐन २०५८ को दफा ७ बमोजिम उपर्युक्त बमोजिम थप विक्रि रकम सम्बन्धित आर्थिक वर्षमा मुनाफा र लाभमा समावेश गरी लाग्ने आयकर, शुल्क, व्याज गणना गरी आयकर असुल गर्नका लागि आन्तरिक राजस्व कार्यालय ललितपुरमा लेखी पठाइन्छ भन्ने सवालमा आयकर तर्फ करचुक्ता प्रमाणपत्र प्राप्त भै सकेकोले आयकर तर्फ हुनु पर्ने विक्रि भन्दा घटी विक्रि देखाई आयकर चुहावट भएको भन्न मिल्ने देखिँदैन भन्ने जवाफ दिएको छ। सवाल नं ४१ मा उल्लेख गरिएको घटी विक्रि देखाएको भनीएको रकम रु.१४,१८,२०,५६७।४२ थप विक्रि समेत कायम हुनपर्ने नदेखिएको/नभएकोले थप आयकर, व्याज, शुल्क आदि समेत लाग्न नहुने/नपर्ने वयान दिएको छ।

यसै गरी मूल्य अभिबृद्धि कर तर्फ पनि २०६२/०६३ सम्म कर निर्धारण भै कर चुक्ता प्रमाणपत्र समेत प्राप्त भैसकेको । कति नाफा राखेर विक्रि गर्ने भन्ने ऐनले निर्दिष्ट नगरेको । कुनै वस्तु विक्रिमा नोक्सान समेत हुने गर्दछ । आफ्नो सामानको मूल्य निर्धारण गर्ने अधिकार विक्रेतालाई हुने र सबै विक्रि गरिएका सबै बस्तुमा नियमानुसार मूल्य अभिबृद्धि करअसुल भएको हुँदा विक्रि घटी देखाई मूल्य अभिबृद्धि करअसूल गरेको भन्न मिल्ने देखिदैन भनी जवाफ दिएको पाइयो ।

८) सवाल नं ४२ मा खरिद लागत भन्दा भन्सार विन्दुमा कम खरिद मूल्य देखाई पैठारी गर्नु भएको लागत भन्दा आर्थिक वर्ष २०६०/०६१ मा ३ वटा प्रज्ञापन पत्रको रु.७०,६५४।, आर्थिक वर्ष २०६१/०६२ मा ९ वटा प्रज्ञापन पत्रको रु.२४,७३,२६८।-, आर्थिक वर्ष २०६२/०६३ मा २६ वटा प्रज्ञापन पत्रको

रु.२१,१८,१४७।- र आर्थिक वर्ष २०६३/०६४ मा १४ वटा प्रज्ञापन पत्रको रु.२१,६३,२६४।- घटी खरिद मूल्य घोषणा गरेकोले भन्सार महशुल, शुल्क, कर असुल गरिनेछ भनी सोधेको प्रश्नको उत्तरमा एक्सेञ्ज रेटको कारण खरिद मूल्य कम घोषणा भएको हो त्यसैले सो लाग्नु नपर्ने भनी छोटो र अस्पष्ट जिकिर लिएको पाइयो ।

९) अर्थ मन्त्रालय नेपाल सरकार (सचिव स्तरीय) को मिति २०६४।०५।१३ को निर्णयानुसार तोकिएका भन्सार अधिकृत र कर अधिकृतहरुले एलिडा नेपाल प्रा. लि. लाई च.नं. १०७७ मिति २०६४।०७।१३ को पत्रबाट विभिन्न वित्तीय विवरणहरु लिई अख्तियार प्राप्त व्यक्ति वयानको लागि उपस्थित हुन जानकारी गराएकोमा करदाताले उक्त पत्र मिति २०६४।०७।२७ मा बुझि लिई मिति २०६४।०८।०३ मा माग गरिएका केही विवरणहरु लिई अख्तियार प्राप्त व्यक्ति सालिकराम सुवेदी उपस्थित हुनु भएको तथा केही विवरणहरु मिति २०६४।०८।१६ मा पेश हुन आएकोमा प्रा.लि. सञ्चालक प्रेमसिंह ठकुरी र अख्तियार प्राप्त वारेस श्री सालिकराम सुवेदीबाट प्रमाणित गरी विभागमा पेश भएको वयान तथा विवरणहरुको छानविनबाट निस्कर्ष निकाली निम्न बमोजिम ठहर गरी नियमानुसार प्रतिवेदन पेश गरेको पाइयो ।

(क) आफैले घोषणा गरेको मूल्यमा प्रचलित आर्थिक ऐन बमोजिम लाग्ने मोल प्रतिशत (Ad-Valorem) को आधारमा भन्सार महशुल लगायत भन्सार विन्दुमा असुल हुने अन्य शुल्क एवं कर भुक्तानी गरी आयकर प्रयोजनको लागि प्रत्यक्ष खर्च अन्तर्गत आयकर ऐन, २०५८ को दफा १५ बमोजिम खर्च कट्टी दावि गरेको । यसै गरी मूल्य अभिबृद्धि करलाग्ने मूल्यमा तिरेको मूल्य अभिबृद्धि करमूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम करकट्टी दावि लिएको । तर आयकर प्रयोजनको लागि आयकर ऐन २०५८ को दफा १५ बमोजिम व्यापार मौज्दातको लागत खर्च गणना गर्ने प्रयोजनार्थ व्यापार मौज्दातको लागत गणना गर्दा भन्सार प्रयोजनको लागि घोषणा गरेको वस्तुको रकम भन्दा घटी मूल्य दावी गरेको पाइयो। यसरी गणना गरेको व्यापार मौज्दातको लागतमा मूनाफा समावेश गरी कायम भएको विक्रि मूल्य मूल्य अभिबृद्धि कर प्रयोजनको लागि कायम भएको खरिद मूल्य भन्दा कम हुन गई समायोजित मूल्य अभिवृद्धि अनुपात (AVAR) नकारात्मक (Negative) हुन गएको वयान दिएको छ ।

(ख) व्यापार मौज्दातको लागत अन्तर्गत खर्च मध्ये ढुवानी खर्च सम्बन्धी प्रा.लि.ले यस विभागमा पेश गरेको फाँटवारी हेर्दा ढुवानी तर्फका केही प्रज्ञापन पत्रहरुमा वास्तविक लागत मूल्य भनी उल्लेख गरेको रकम भन्दा भन्सार प्रज्ञापन पत्रमा उल्लेख भएको खरिद मूल्य घटी रहेको पाइयो ।

(ग) केही प्रज्ञापन पत्रहरुमा भन्सार विन्दुबाट करदाताले खरिद लागत मूल्य भनी देखाएको

खरिद मूल्य भन्दा भन्सार प्रज्ञापन पत्रमा उल्लेख गरेको खरिद मूल्य घटी रहेको देखियो भनी प्रतिवेदनमा उल्लेख छ ।

१०) उक्त प्रतिवेदन अनुसार प्रस्तुत करदाताले भन्सार विन्दुबाट आयात गरेको सामानहरु मध्ये आर्थिक वर्ष २०६१/०६२, आर्थिक वर्ष २०६२/०६३ र आर्थिक वर्ष २०६३/०६४ मा आफैले सामानको घोषणा गरेको खरिद मूल्यको आधारमा भन्सार महशुल लगायत प्रत्यक्ष खर्चहरु समावेश गर्दा कायम भएको मूल्य अभिबृद्धि करयोग्य मूल्यलाई नै खरिद अंक (रकम) देखाई सोही बमोजिम मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम करकट्टी दावी लिएकोमा आयकर तर्फ भने भन्सारमा घोषणा गरेको खरिद मूल्य भन्दा कम खरिद मूल्य देखाई भन्सार तिरेको खर्च एवं अन्य अप्रत्यक्ष खर्चहरु समावेश गरी लागत खर्च कायम गरी हिसाव गरी क्रमशः २७.१९ प्रतिशत, ३०.०२ प्रतिशत, ३८.३१ प्रतिशत मूल्य अभिवृद्धि गरी विक्रि कायम गरेको पाइयो। केही प्रज्ञापन पत्रहरुबाट खरिद भएको मालसामान विक्रि गर्दा उपर्युक्त बमोजिम करदाताले देखाएको विक्रि मूल्य भन्सारमा आफैंले घोषणा गरेको खरिद तथा सोमा भन्सार महशुल लगायतका खर्चहरु समावेश गरी अन्य अप्रत्यक्ष खर्च शुरु मौज्दात र अन्तिम मौज्दात रकम समायोजन गर्दा कायम हुने यथार्थ खरिद लागत भन्दा घटी मूल्यमा विक्रि गरेको करदाताले आफैंले प्रमाणित गरी पेश गरेको विवरणबाट समेत स्पष्ट देखिएकोले तत् तत् प्रज्ञापन पत्रहरु वमोजिम भन्सार विन्दुमा माल सामान आयात गर्दा देखाएको खरिद घोषणा मूल्यमा भन्सार महशुल लगायतका खर्चहरु समावेश गर्दा हुन आउने मूल्य अभिबृद्धि करतर्फ कर कट्टी लिएको खरिद रकममा प्रज्ञापन पत्रमा उल्लेख नगरेको अन्य प्रत्यक्ष खर्चहरु तथा शुरु मौज्दात र अन्तिम मौज्दात रकम समायोजन गर्दा कायम हुने खरिद मूल्यमा करदाताले सम्बन्धित आर्थिक वर्षमा देखाएको समष्टिगत कुल मुनाफा (मूल्य अभिवृद्धि) दर जोड्दा कायम हुनुपर्ने यथार्थ विक्रि मूल्य तथा ती प्रज्ञापन पत्रहरुमा करदाताले देखाएको खरिद मूल्य जोडेर वास्तविक विक्रि देखाउनु पर्ने कुल खरिद मूल्य भन्दा घटी विक्रि मूल्य देखाएको निम्नानुसारको रकममा आयकर तथा मूल्य अभिबृद्धि करअसुल गर्नु पर्ने भनी प्रतिवेदन पेश गरेको छ ।

(क) करदाताले आर्थिक वर्ष २०६१/०६२, आर्थिक वर्ष २०६२/०६३ र आर्थिक वर्ष २०६३/०६४ मा आयकर तर्फको विवरणमा देखाएबमोजिम वास्तविक देखाउनु पर्ने विक्रि मूल्य भन्दा रु.२६,०४,३८,०३६।४६ घटी विक्रि मूल्य देखाएको,

(ख) करदाताले २०६१/०६२, आर्थिक वर्ष २०६२/०६३ र आर्थिक वर्ष २०६३/०६४ मा माथि (क) मा भन्दा फरक हुने गरी भन्सार विन्दुमा आफैंले घोषणा गरेको खरिद मूल्य भन्दा घटी हुने गरी रु.४०,२२,५८,६१२।८८ न्यून विक्रि मूल्य कायम गरेको,

(ग) माथि (क) र (ख) अनुसार करदाताले घटी विक्रि मूल्य देखाएको रकमको आयकर तथा मूल्य अभिबृद्धि करअसुल गर्नुपर्ने रु.१४,१८,२०,५६७।४२ उल्लेख गरेको छ ।

(घ) आर्थिक वर्ष २०५९/०६० देखि २०६३/०६४ सम्म भन्सार विन्दुमा ढुवानी रकम नजोडि रु.१९,५०,३२१।- घटी लागत मूल्य घोषणा गरेको,

(ङ) आर्थिक वर्ष २०६०/०६१ देखि २०६३/०६४ सम्म ५२ वटा प्रज्ञापन पत्रानुसारको रकम भन्दा रु.६८,२५,३२४।- घटी खरिद मूल्य घोषणा गरेको कारण सोको लाग्ने भन्सार महशुल अन्य शुल्क र कर असुल गर्न प्रतिवेदनमा सिफारिश गरेको छ।

उल्लिखित करदाताबाट प्राप्त तथ्यगत प्रमाणित विवरणका आधारमा नेपाल सरकार अर्थ मन्त्रालय (सचिवस्तरीय) को मिति २०६४।०५।१३ को निर्णयानुसार अनुसन्धान गर्न तोकिएका भन्सार अधिकृत र कर अधिकृतहरुले मूल्य अभिवृद्धि कर आयकर तथा भन्सार महशुल छलि भएको राजस्व असुलीका लागि छानविन तथा अनुसन्धान गरी निम्न बमोजिम गर्न सिफारिश गरेको पाइयो।

१. भन्सार विन्दुमा आफैंले देखाएको लागत खर्चको आधारमा करदाताले सो वर्षमा उक्त सामानमा देखिएको मूल्य अभिवृद्धि दरबाट हुनुपर्ने वास्तविक विक्रि रकममा करदाताले देखाएको विक्रि मूल्य घटाउँदा घटी विक्रि देखाएको रकम रु.१४,१८,२०,५६७।४२ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम यस विभागबाट कर निर्धारण गरी सो वमोजिम तिर्नु पर्ने मूल्य अभिबृद्धि करविभागको धरौटी खातामा जम्मा गर्न करदातालाई आदेश दिनु पर्ने,

२. घटी देखिएको विक्रि मूल्यको फरक रकम आयकर तर्फ थप गरी विक्रि कायम गर्नुपर्ने देखिएकोले उक्त रकममा आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी आयकर असूल उपर गर्न करदाता दर्ता रहेको आन्तरिक राजस्व कार्यालय ललितपुरमा लेखि पठाउनु पर्ने,

३. सेवा सर्भिस भुक्तानी अन्तर्गत खर्च गरेको रकम शिर्षक र करदाताले छुट्टै शिर्षक अन्तर्गत खर्च गरेको रकम दोहोरो परेको भए पूर्ण कर परीक्षण एवं छानविन गरी एकातर्फको खर्च रकमलाई दोहोरो खर्च कट्टी गर्न नदीई सोमा आयकर ऐन, २०५८ बमोजिम आयकर असुल गर्न आन्तरिक राजस्व कार्यालय ललितपुरलाई लेखि पठाउनु पर्ने,

४. भन्सारमा घटी मूल्य घोषणा गरेको खरिद रकम रु.६८,२५,३२४।- र घटी घोषणा गरेको ढुवानी खर्च रकम रु.१९,५०,३२१।- गरी करदाताले भन्सार विन्दुमा वास्तविक खर्च रकम भन्दा घटी खरिद एवं ढुवानी खर्च घोषणा गरी मालसामान आयात गरेको जम्मा रु.८७,७५,६५४।- को सम्बन्धमा भन्सार ऐन, नियम तथा सम्बन्धित आर्थिक वर्षको आर्थिक ऐन बमोजिम भन्सार विन्दुमा असुल हुनुपर्ने भन्सार महशुल लगायतका

अन्य शुल्क एवं कर असूलीका लागि सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाउनु पर्ने भनी सिफारिस सहित मिति २०६४।११।२४ को छानविन तथा अनुसन्धान प्रतिवेदनमा उल्लेख छ।

११) प्रस्तुत मुद्दाका पुनरावेदकको तर्फका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री चण्डेश्वर श्रेष्ठ र श्री तुलसी भट्ट तथा अधिबक्ता श्री रमण कुमार कर्णले राजस्व अनुसन्धान विभागका निर्देशकले गरेको निर्णयमा कानूनी त्रुटी भएको र नेपाल सरकारबाट अनुसन्धानका लागि राजस्व अनुसन्धान विभागका निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीलाई अनुसन्धान अधिकृत नतोकिएको अवस्थामा निजबाट मिति २०६५।०१।०३ मा स्वीकृत भएको निर्णय पर्चा अनुसारको निर्णयका आधारमा निर्धारित मूल्य अभिबृद्धि कररु.४,२०,६१,५३१/- तिर्नु नपर्ने भनी गरेको जिकिर गरी उक्त कर निर्धारण आदेशलाई बदर गरिनु पर्ने भनी गरेको बहस सुनियो।

१२) प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले नेपाल सरकार अर्थ मन्त्रालय (सचिवस्तरीय) मिति २०६४।०५।१३ को निर्णय अनुसार उप-महानिर्देशक अनुपस्थित रहेका बखत भन्सार अधिकृतको हैसियतले गर्ने कामको लागि भन्सार ऐन, २०१९ को दफा ३४(क) बमोजिम विभागका निर्देशक श्री निर्मलहरि अधिकारीलाई भन्सार अधिकृत तोकिएको र विभागका शाखा अधिकृत त्रय श्री कृष्ण बहादुर बस्नेत, श्री नारायण अधिकारी र श्री लेखनाथ निरौलालाई मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम अनुसन्धानका लागि कर अधिकृत तोकिएको र सो नेपाल सरकारबाट प्रत्यायोजित भएको क्षेत्राधिकार भित्र रही राजस्व अनुसन्धान विभागको चलानी नं १०७७ मिति २०६४।०७।१३ को पत्रबाट माग गरिएका मिति २०६४।०८।१६ मा प्राप्त प्रमाणित वित्तीय विवरण र प्रमाण कागजात र वयानका लागि उपस्थित भएका एलिडा नेपाल प्रा.लि.का अख्तियार प्राप्त वारेस श्री सालिकराम सुवेदीसंग मिति २०६४।०८।०३ देखि २०६४।०९।०८ सम्म लिएको २२ पानाको वयान तथा कारोवारसंग सम्बन्धित लेखा कागजातको परीक्षण गरेको छ। सो पश्चात मिति २०६४।११।२२ मा छानविनमा खटिएका कर अधिकृत तथा भन्सार अधिकृतहरुले तयार गरेको अनुसन्धान प्रतिवेदन विभागमा पेश गरेको र सो प्रतिवेदनलाई कर अधिकृतको जिम्मेवारी तोकिनु भएका श्री कृष्ण बहादुर वस्नेत र शाखा अधिकृत श्री शोभाकान्त पौडेलले पुनः परीक्षण गरी मिति २०६४।११।२४ मा राजस्व अनुसन्धान विभाग समक्ष अन्तिम प्रतिवेदन बुझाइ सकेपछि विभागको च. नं. १९७० मिति २०६४।११।२६ बाट रु.४,१६,७७,४३१।- मात्र मूल्य अभिवृद्धि कर निर्धारण भए अनुरुपको मूल्य अभिवृद्धि कर दाखिला गर्न एलिडा नेपाल प्रा.लि.लाई प्रारम्भिक मूल्य अभिबृद्धि कर निर्धारण आदेश विषय उल्लेख गरी पत्राचार गरी उक्त पत्रानुसारको कर

तिर्नु नपर्ने वा परिवर्तन गर्नु पर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको १५ दिन भित्र कर अधिकृत समक्ष पेश गर्नुहोला भनी प्रारम्भिक कर निर्धारण सम्बन्धमा लिखित जानकारी दिएको छ। सो पत्र मिति २०६४।११।२७ मा एलिडा नेपाल प्रा.लि.ले बुझि मिति २०६४।१२।११ मा लिखित जवाफ सहित उक्त पत्रमा तोकिए बमोजिमको मूल्य अभिवृद्धि कर रकम खाम्ने गरी धरौटी बापत नगद तथा बैक जमानत धरौटीको रुपमा जम्मा गरेको देखिन्छ। कर अधिकृतले एलिडा नेपाल प्रा.लि.ले पेश गरेका प्रमाणित अभिलेख तथा लेखा कागजातको अनुसन्धान गरी छानविन गरेका तथ्य र प्रमाणका आधारमा निर्धारण भएको मिति २०६४।११।२६ सम्मको व्याज, शुल्क र जरिवाना गणना भएको मूल्य अभिवृद्धि करलाई अमान्य गर्ने सम्बन्धमा कुनै कानूनी आधार, कारण र प्रमाण पुनरावेदकका तर्फबाट बहस गर्नु हुने वरिष्ठ विद्वान अधिवक्ता द्वय र अधिवक्ताले पेश गर्न सक्नु भएन। नेपाल सरकारको निर्णयानुसार अनुसन्धान तथा कर निर्धारण गर्न तोकेका कर अधिकृतहरुले निर्धारण गरी लिखित प्रतिवेदन सहित रु.४,१६,७७,४३१।- रकम दाखिला गर्न वा प्रमाण पेश गर्न दिएको १५ दिनको लिखित समयावधी समाप्त भई निर्धारित करमा कुनै परिवर्तन गर्नु पर्ने नदेखिएपछि सो रकममा मिति २०६४।१२।२६ देखि २०६५।०१।२५ गते सम्मको व्याज, शुल्क थप गरी रु.४,२०,६१,५३१/- अन्तिम कर निर्धारण गरी निर्णय कार्यान्वयनका लागि आन्तरिक राजस्व कार्यालय ललितपुरलाई लेखि पठाउन नेपाल सरकारले छानविन तथा अनुसन्धान गर्न तोकेको कर अधिकृत श्री कृष्ण बहादुर बस्नेतले हस्ताक्षर गरी जारी गरेको प्रारम्भिक मूल्य अभिबृद्धि करनिर्धारण आदेशलाई समर्थन गर्दै मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिमको अधिकारक्षेत्र अनुरुप राजस्व अनुसन्धान विभाग ललितपुरको नेपाल सरकारले स्वीकृत गरेको संगठन तालिका बमोजिमको प्रमुख कर अधिकृत पदमा कार्यरत निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीबाट कानून अनुसार सो पदलाई प्राप्त अधिकार प्रयोग गरी मिति २०६५।०१।०३ मा स्वीकृत भएको निर्णय पर्चा अनुसारको निर्णय र सोलाई कार्यान्वयन गर्न छानविन गर्न तोकिएका अधिकार प्राप्त कर अधिकृतले अन्तिम कर निर्धारण आदेशानुसारको मूल्य अभिवृद्धि कर रु.४,२०,६१,५३१/- असुल गर्ने गरी गरेको पत्राचार तथा सो निर्णय अनुसारको अन्तिम कर निर्धारण आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशक श्री महेश्वर शर्मा पौडेलबाट मिति २०६५।०३।२९ मा भएको निर्णय कानून सम्मत भएकोले उक्त निर्णय सदर हुनु पर्दछ भन्ने बहस समेत सुनियो ।

१३) अब राजस्व अनुसन्धान विभागले गरेका निर्णयसंग सम्बन्धित एलिडा नेपाल प्रा.लि.ले राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०१।०३ मा जारी भएको मूल्य अभिवृद्धि करको अन्तिम कर निर्धारण आदेश कानून विपरित रहेको र आन्तरिक राजस्व विभागको

मिति २०६५।०३।२९ को निर्णय त्रुटीपूर्ण रही हचुवा एवं कानूनसम्मत नभएको भन्ने जिकिर कानूनसम्मत भए/नभएको यकिन गर्न सो संग सम्बन्धित निम्न प्रश्नहरुको न्यायिक निरोपण गरी निर्णयमा पुग्नु पर्ने देखियो ।

१. राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०१।०३ मा जारी भएको मूल्य अभिवृद्धि करको अन्तिम कर निर्धारण आदेशको निर्णय पर्चा कानून विपरित रहे/नरहेको ?

२. आन्तरिक राजस्व विभागको मिति २०६५।०३।२९ को निर्णय त्रुटीपूर्ण र हचुवा एवं कानूनसंगत भए/नभएको ?

१४) राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०१।०३ मा जारी भएको मूल्य अभिवृद्धि अन्तिम कर निर्धारण आदेश क्षेत्राधिकार भित्र रहे/नरहेको यकिन गर्न कर अधिकृतको रुपमा काम गर्न अधिकार प्रत्यायोजन गरेको प्रमाणित प्रतिलिपी कागज माग गर्ने मिति २०७६।०३।२३ को प्रस्तुत पुनरावेदन नं. ०७४-RB-०२१७ मा भएको आदेशानुसार राजस्व अनुसन्धान विभागको च.नं. २२६ मिति २०७६।०५।०६ को पत्र साथ प्राप्त नेपाल सरकारले मूल्य अभिवृद्धि कर निर्धारण गर्न अधिकार प्रत्यायोजन गरेको अधिकार पत्र न्यायाधिकरणमा मिति २०७६।०५।०९ मा प्राप्त भइ दर्ता नं ७२ मा दर्ता गरी नियमानुसार मिसिलमा समावेश गरेको पाइयो। उक्त कामका लागि अधिकार प्रत्यायोजन गर्न नेपाल सरकार अर्थ मन्त्रालय (सचिव स्तरिय) मिति २०६४।०५।१३ को निर्णयानुसार राजस्व अनुसन्धान विभागका उप-महानिर्देशक अनुपस्थित रहेका बखत भन्सार अधिकृतको हैसियतले गर्ने कामको लागि भन्सार ऐन, २०१९ को दफा ३४(क) बमोजिम सोही विभागका निर्देशक श्री निर्मलहरि अधिकारीलाई भन्सार अधिकृत तोक्नु पर्ने र शाखा अधिकृत श्री कृष्ण बहादुर बस्नेत, शाखा अधिकृत श्री नारायण अधिकारी र शाखा अधिकृत श्री लेखनाथ निरौलालाई मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा ३ बमोजिम कर अधिकृत तोकी काम गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको पाइयो। यसरी तोकिए बमोजिमका भन्सार तथा कर अधिकृतहरुले नै अनुसन्धान, परीक्षण, वयान र लेखा कागजात जाँच गरी तथ्यपरक विश्लेषण गरी मिति २०६४।११।२१ मा छानविनको विस्तृत विवरण र करदाताले प्रमाणित गरी दिएका विभिन्न विवरण थान ३५, करदाताको अधिकृत प्रतिनिधी सालिकराम सुवेदीले विभागमा उपस्थित भइ विभिन्न मितिमा भन्सार अधिकृत तोकिएका निर्देशक श्री निर्मलहरि अधिकारी समक्ष दिएको वयान पाना थान-२२ र करदाताको आर्थिक वर्ष २०५९/०६० देखि २०६३/०६४ सम्मको वासलात, नाफा नोक्सान हिसाव एवं आयात प्रज्ञापन पत्रहरुको प्रतिलिपीहरु समेत समावेश गरी काम गर्न तोकिएका भन्सार अधिकृत र कर अधिकृतहरुले छानविन गरी पेश गरेको प्रतिवेदनमा दस्तखत गरी मिति २०६४।११।२१ गते विभागमा प्रतिवेदन

पेश गरे पश्चात चलानी नं. १९७० मिति २०६४।११।२६ को पत्रबाट मिति २०६४।१२।२५ सम्मको व्याज र थप दस्तुर गणना गरी प्रारम्भिक कर निर्धारण आदेश मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३ बमोजिम कर अधिकृतको काम गर्न तोकिनु भएका कर अधिकृत श्री कृष्ण बहादुर बस्नेतले नै एलिडा नेपाल प्रा.लि.लाई लिखित जानकारी गराएको देखियो। नेपाल सरकारले तोकेको कर अधिकृतले नेपाल सरकार कै निर्णयानुसार अनुसन्धान तथा छानविनको काम सम्पन्न गरी निर्धारण गरेको मूल्य अभिबृद्धि कर रु.४,१६,७७,४३१।- लाई नियमानुसार थप कारवाही गर्न विभागीय निर्णयका लागि राजस्व अनुसन्धान विभागमा पेश गरिसकेपछि प्रचलित ऐन अनुसार प्रमुख कर अधिकृतको जिम्मेवारीमा काम गर्न नेपाल सरकारले खटाएको निर्देशक/प्रमुख कर अधिकृतको पदीय जिम्मेवारी भित्र परे अनुसार गरेको काम र निर्णय कानून बमोजिम नै भएको पाइयो। राजस्व अनुसन्धान विभागबाट निज कर अधिकृत श्री कृष्ण बहादुर वस्नेतद्वारा हस्ताक्षरित प्रारम्भिक कर निर्धारण आदेशको पत्र पुनरावेदकले मिति २०६४।११।२७ मा पत्र बुझि मिति २०६४।१२।११ मा विभाग समक्ष लिखित जवाफ दिएको देखिन्छ। पुनरावेदकले पेश गरेका प्रमाण कागजात तथा दिएको लिखित जवाफ चित्त बुझ्दो नभएको कारण चलानी नं १९७० मिति २०६४।११।२६ को पत्रानुसारको प्रारम्भिक मूल्य अभिबृद्धि कर निर्धारण आदेश अनुसारको कर रु.४,१६,७७,४३१।- छानविन गर्ने कर अधिकृत त्रयले पेश गरेको करमा कुनै परिवर्तन नगरी राजस्व अनुसन्धान विभागबाट मिति २०६१।१२।०८ मा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३ अनुसार कर परीक्षण तथा अनुसन्धान गरी प्रतिवेदन पेश गरी सो प्रतिवेदन प्रमूख कर अधिकृत वा सो भन्दा माथिल्लो तहको अधिकृतबाट स्विकृत गर्ने गरी पेश भएको टिप्पणी माननीय अर्थमन्त्री (नेपाल सरकार) बाट मिति २०६१।१२।१८ मा स्विकृत भई सोही निर्णय अनुसार नै ***"करदाताले भन्सार विन्दुमा आफैंले सामान खरिद मूल्य घोषणा गरेको तथा भन्सार कार्यालयबाट विवादित कुनै पनि प्रज्ञापनपत्रहरुमा मूल्य थप गरेको देखिदैंन । यसरी घोषणा गरेको मूल्यमा भन्सार विन्दुमा असुल भएका भन्सार महशुल लगायत अन्य शुल्कहरु आयकर प्रयोजनको लागि खर्च कट्टी लिएको र भन्सारमा तिरेको मूल्य अभिबृद्धि कर पनि कर कट्टी लिएको छ । आयकर तर्फ निजले पेश गरेको हिसाब परीक्षण गर्दा आफ्नो लागत मूल्यमा आ.व. २०६१/०६२ मा २७.१९ प्रतिशत, आ.व. २०६२/०६३ मा ३५.०२ प्रतिशत र आ.व. २०६३/०६४ मा ३८.३१ प्रतिशत कुल मुनाफा कायम गरेको भनी सेवा शुल्क लगायत अन्य विभिन्न खर्चहरु भुक्तानी गरेको देखिन्छ भने मू.अ.करतर्फ विक्रिबाट असुल भएको मूल्य अभिबृद्धि करमध्ये हालसम्म कुनै पनि मूल्य अभिबृद्धि करदाखिला नगरी उल्टै २०६४ आषाढसम्म रु १,०८,७७,३०७।- मूल्य अभिबृद्धि करफिर्ता पाउनुपर्ने रेकर्डबाट देखिन्छ । तर २०६४ आषाढ मसान्तमा करदातासँग उपर्युक्त क्रेडिट रकमले खाम्न सक्ने मालसामान स्टक बाँकी***

देखिदैन । भन्सार, आयकर र मू.अ.करमा देखाएको कारोबार एक आपसमा स्वतन्त्र रहन सक्ने सम्बन्धमा कुनै पनि ऐन नियममा उल्लेख गरिएको पनि पाइदैन। त्यस्तै करदाताले भन्सारमा आफूले घोषणा गरेको खरिद मूल्यका सम्बन्धमा हालसम्म अन्यथा नलिएको र कहिँ कतै कुनै निकायमा कानूनी उपचारको लागि प्रतिवाद समेत गरेको देखिदैन । भन्सार ऐन, नियम तथा सम्बन्धित वर्षको आर्थिक ऐनमा कारोवार मूल्यलाई मान्यता दिनुपर्ने भन्ने व्यवस्था भएकोमा करदाताले आफैंले यो मेरो खरिद मूल्य हो भनी सामानको मूल्य घोषणा गरी सामान पैठारी गरेको अवस्थामा सोमा लाग्ने विभिन्न महशुल तथा शुल्क आदि समावेश गरी सामानको लागत मूल्य कायम हुनु पर्ने र सो लागतमा आफ्नो नाफा समावेश गरी कायम हुने विक्रि मूल्यबाट कायम हुन आउने कुल मुनाफाबाट मात्र विभिन्न खर्चहरु गर्नुपर्नेमा आयकर तर्फ पर्याप्त कुल मुनाफा देखाई करोडैं रुपैया सेवा शुल्कको नामबाट भुक्तानी गर्ने गरेको तर मू.अ.करतर्फ भने कुनै पनि रकम भुक्तानी नगरेको अवस्था देखिँदा करदाताले मूल्य अभिबृद्धि करएवं आयकर छल्ने नियतले आफ्नो यथार्थ हिसाब प्रस्तुत नगरी कारोवार गेको स्पष्ट हुन आउँछ। करदाताको प्रतिनिधिले यस विभागमा उपस्थित भई विभिन्न मितिमा गरिदिएको वयानमा समेत आयकर र मू.अ.करतर्फ अलग अलग हिसाव पेश गर्नु पर्ने स्पष्ट कारण प्रस्तुत गर्न नसकेको र हाल निवेदन जिकिरमा पनि ठोस सबुद प्रमाण पेश नगरी केवल मनगढन्ते तर्कहरु मात्र पेश गरेको पाइएकाले करदाताले आफ्नो निवेदनको विभिन्न प्रकरणमा उल्लेख गरेका तर्कहरु कानून सम्मत देखिएन। अतः करदाताको तर्फबाट पेश भएको निवेदनमा कर निर्धारण हुनु नपर्ने वा संशोधन गर्नु पर्ने कुनै ठोस सबुद प्रमाण पेश भएको नदेखिएकोले यस करदाताले भन्सार विन्दुमा आफैले घोषणा गरेको खरिद मूल्को आधारमा कायम हुने लागत मूल्यमा सम्बन्धित आ.व. मा आयकरतर्फ देखाएको विक्रि मूल्य घटाउँदा घटी देखिन आएको करदाता आफैंले समेत प्रमाणित गरी यस विभागमा पेश गरेको विवरण बमोजिम घटी देखिएको विक्रि मूल्यमा यस विभागबाट गरिएको प्रारम्भिक कर निर्धारण अनुसारको रु.४,१६,७६,५३१।- मा मिति २०६४।१२।२५ भन्दा पछिको लागि नियमानुसार लाग्ने थप दस्तुर र व्याज समेत गणना गरी मूल्य अभिबृद्धि करऐन,२०५२ को दफा २०(१) को खण्ड (घ) र (ङ) एवं मूल्य अभिबृद्धि करनियमावली,२०५३ को नियम २९(३) बमोजिम मू.अ.करतर्फ अन्तिम कर निर्धारण आदेश जारी गर्ने तथा अन्य वेहोराको हकमा तपरशिल बमोजिम गर्ने गरी यो निर्णय पर्चा गरिदिँया । तपशिल १. मूल्य अभिबृद्धि करनियमावली २०५३ को नियम २९(३) अनुसार अन्तिम कर निर्धारण आदेश जारी गर्ने । २. मू.अ. कर ऐन २०५२ को दफा १९ बमोजिम थप दस्तुर, दफा ३६ बमोजिम व्याज गणना गर्ने । ३. उपर्युक्त बमोजिम जारी भएकधो अन्तिम कर निर्धारण आदेशमा उल्लेखित रकम करदाताको **ATR** मा प्रविष्ट गर्न तथा कायम भएको थप विक्रि रकममा आयकर ऐन, २०५८ बमोजिम लाग्ने आयकर असुल गर्न करदाता दर्ता रहेको आ.रा.का. ललितपुरमा लेखि पठाउने ।४. यो निर्णय उपर चित्त नबुझेमा मूल्य अभिबृद्धि करऐन,२०५२ को दफा ३१क बमोजिम प्रशासकीय पुनरावलोकनका लागि श्री आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिन सकिने

वेहोराको जानकारी करदातालाई दिने । ५. सरोकारवालाले यस निर्णय पर्चाको नक्कल माग गरेमा ऐन, नियमको रित पुऱ्याई नक्कल दिने" भन्ने निर्णय भए अनुसार नै मिति २०६५।०१।२५ सम्मको नियमानुसार लाग्ने थप दस्तुर र व्याज गणना गरी सो रकम मात्र थप गरी जारी गरिएको च.नं. ३०७९ मिति २०६५।०१।०३ को पत्रानुसारको कर रकम रु.४,२०,६१,५३१।- राजस्व अनुसन्धान विभाग ललितपुरको नेपाल सरकारले स्वीकृत गरेको संगठन तालिका बमोजिमको प्रमुख कर अधिकृत पदमा कार्यरत निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीले श्री एलिडा नेपाल प्रा.लि.को राजस्व अनुसन्धान विभागबाट मिति २०६१।१२।०८ मा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३ अनुसार कर परीक्षण तथा अनुसन्धान गरी प्रतिवेदन पेश गरी सो प्रतिवेदन प्रमूख कर अधिकृत वा सो भन्दा माथिल्लो तहको अधिकृतबाट स्विकृत गर्ने गरी पेश भएको टिप्पणी माननीय अर्थमन्त्री (नेपाल सरकार) बाट मिति २०६१।१२।१८ मा स्विकृत भई सोही निर्णय अनुसार नै मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण र नियमानुसार कार्यान्वयन गर्न आन्तरिक राजस्व कार्यालय ललितपुरलाई पत्राचार गर्ने समेत खडा भएको उक्त निर्णय पर्चा र ऐन अनुसार बाँकी अवधिको लाग्ने व्याज र जरिवाना असुल गर्न र छानविनका अन्य वेहोरा कार्यान्वयन गर्न सम्बन्धित जिम्मेवार निकायलाई पत्राचार गर्ने गरी समेत भएको निर्णय मिलेकै देखिंदा कानूनसम्मत निर्णयलाई अन्यथा भन्न मिलेन । सोही तथ्यगत प्रमाणित आधार र कारण अनुसार नै आन्तरिक राजस्व विभागले मिति २०६५।०३।२९ मा गरेको निर्णय पनि कानून सम्मत नै देखियो। पुनरावेदकले त्रुटीपूर्ण रही हचुवा एवं कानूनसम्मत नभएको भनी लिएको पुनरावेदन जिकिर कानूनसम्मत रहेको देखिएन।

१५) राजस्व अनुसन्धान विभागबाट भन्सार महशुल र मूल्य अभिबृद्धिकर छलि सम्वन्धमा अनुसन्धान तथा छानविन गर्न नेपाल सरकारले तोकेका भन्सार अधिकृत र कर अधिकृतले छानविन गरी मिति २०६४।११।२१ मा पेश गरेको निर्णय तथा छानविन समितिको प्रतिवेदन कार्यान्वयन गर्न राजस्व अनुसन्धान विभाग ललितपुरको नेपाल सरकारले स्वीकृत गरेको संगठन तालिका बमोजिमको प्रमुख कर अधिकृत पदमा कार्यरत निर्देशक श्री भरतराज सुवेदीबाट राजस्व अनुसन्धान विभागबाट मिति २०६१।१२।०८ मा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३ अनुसार कर परीक्षण तथा अनुसन्धान गरी प्रतिवेदन पेश गरी सो प्रतिवेदन प्रमूख कर अधिकृत वा सो भन्दा माथिल्लो तहको अधिकृतबाट स्विकृत गर्ने गरी पेश भएको टिप्पणी माननीय अर्थमन्त्री (नेपाल सरकार) बाट मिति २०६१।१२।१८ मा स्विकृत भई सोही निर्णय अनुसार नै मिति २०६५।०१।०३ मा भएको निर्णय र सो प्रतिवेदन बमोजिम भएको उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।०३।२९ मा

भएको निर्णय कानून सम्मत भएकोले सदर हुने ठहर्छ । पुनरावेदकको जिकिर पुग्न सक्दैन भन्ने वेहोरा तथा निर्णय गर्दाका तथ्यगत प्रमाणित आधार र प्रमाणहरु समेत कानून सम्मत भएको/गरेको देखिएकोले सदर गर्ने गरी फैसला गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट इजलासमा व्यक्त गरेकोमा मेरो उक्त रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट *"मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम नेपाल सरकारले राजस्व अनुसन्धान विभागका निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीलाई नियुक्त गरेको वा तोकेको अख्तियारी पत्र मिसिल संलग्न रहेको नदेखिंएको र यस न्यायाधिकरणको मिति २०७७।१२।२४ को आदेश बमोजिम राजस्व अनुसन्धान विभागबाट प्राप्त भएको समेत नदेखिंदा कर निर्धारण गर्न कानून बमोजिमको अधिकार क्षेत्र विहिन अधिकृतद्वारा मिति २०६५।०१।०३ मा गरेको कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकद्वारा मिति २०६५।०३।२९ मा भएको निर्णय समेत कानूनी रुपमा सुन्य भई कायम रहन सक्ने नदेखिंदा बदर हुने ठहर्छ"* भनी उल्टी हुने गरी फैसला गर्ने निर्णय भएकोले बहुमत सदस्यको सो राय तथा फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

१६) प्रस्तुत मुद्दाको मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिमको सूचनापत्रमा उल्लेख गरिए अनुसारको निर्धारित (विवादित) कर रु.४,२०,६१,५३१।- को ऐ.ऐनको दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६ बमोजिम पुनरावेदन दर्ता भएको प्रस्तुत पुनरावेदन माथि प्रकरण ८, ९, ११ र १३ समेतमा उल्लिखित बहस तथा स्रेस्ता तथा प्रमाण कागजातको छानविन र अनुसन्धान गरी पेश गरेको प्रतिवेदनमा उल्लेख भएका पुनरावेदकले खण्डन गर्न नसकेका प्रमाणित तथ्यहरुको आधारमा कानूनी विधि र प्रक्रिया पुरा गरी रु.४,२०,६१,५३१।- कर निर्धारण भएको पाइएकोले नेपाल सरकारले प्रमुख कर अधिकृत पदमा काम गर्न तोकेका राजस्व अनुसन्धान विभाग ललितपुरका निर्देशक/प्रमुख कर अधिकृत श्री भरतराज सुवेदीबाट राजस्व अनुसन्धान विभागबाट मिति २०६१।१२।०८ मा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३ अनुसार कर परीक्षण तथा अनुसन्धान गरी प्रतिवेदन पेश गरी सो प्रतिवेदन प्रमूख कर अधिकृत वा सो भन्दा माथिल्लो तहको अधिकृतबाट स्विकृत गर्ने गरी पेश भएको टिप्पणी माननीय अर्थमन्त्री (नेपाल सरकार) बाट मिति २०६१।१२।१८ मा स्विकृत भई सोही निर्णय अनुसार नै अनुसन्धान अधिकृतहरुबाट पेश भएको छानविन प्रतिवेदन अनुसार निर्धारण भएको मूल्य अभिबृद्धि कर निर्धारण सम्बन्धमा मिति २०६५।०१।०३ मा खडा भएको निर्णय पर्चा बमोजिमको निर्णय र सोही निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजश्व विभागका महानिर्देशकबाट मिति २०६५।०३।२९ भएको निर्णय मिलेकै देखिँदा सदर

हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। नियमानुसार गर्नू।

(पुष्पप्रसाद गुरागाईं)

लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः-सरिता रिजाल

कम्प्यूटर टाइपः- प्रदिप तिवारी

फैसला मितिः- २०७९।०३।१३।२

प्रमाणीकरण गर्ने लेखा सदस्य

फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप